मिति: २०८१ मङ्सिर २२

## द्वन्द्वपीडित समुदायको प्रेस वक्तव्य

# गलत बाटोमा जान लागेको आयोग पदाधिकारी छनौट प्रक्रिया तत्काल सच्याउ

तेश्रो पटक सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी सिफारिस गर्न गठित सिफारिस समितिले सार्वजनिक गरेको छोटो सुचिप्रती द्वन्द पीडित समुदाय गम्भीर सरोकार रहेको छ। सशस्त्र द्वन्दकालमा दुवै पक्षद्वारा हत्या गरिएका एवं बेपत्ता पारिएका व्यक्तिको अवस्था ६० दिन भित्र सार्वजनिक गर्ने शान्ति सम्झौताको कार्यभार १९ वर्षसम्म समेत सम्बोधन भएको छैन। विगतको असफलताबाट सिकेर यस विषयको बैध समाधान खोज्ने तर्फ मूल राजनैतिक नेतृत्व, सरकार एवं सिफारिस समितिको संवेदनशिलता नदेखिनु दुखदाई छ। बिगतमा दुई ÷दुई पटक नाममात्रका सिफारिस समिती र आयोग गठन गरेर १० वर्ष त्यत्तिकै खेर फालिएको श्रृंखलाको पुनरावृत्ति गर्न खोजिएको प्रति हाम्रो गम्भिर आपत्ती छ।

संक्रमणकालीन न्याय आयोग जागिर खाने, विश्वासपात्रहरुको राजनीतिक व्यवस्थापन गर्ने संयन्त्र कदापि होइनन। १९ वर्षदेखि अल्झाइएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो एवं शान्ति सम्झौताको महत्त्वपूर्ण राष्ट्रिय कार्यभारलाई संक्रमणकालीन न्यायको मर्म र भावना अनुरुप समाधान गर्ने क्षमता, दक्षता, बिबेक, मार्गचित्र भएको सक्षम र समाजले पत्याएका ब्यक्तिहरु पहिचान गरेर जिम्मेवारी दिनु राज्यको दायित्व हो। यो पीडित समुदायले विगत देखी भन्दै आएको, सम्झाउँदै आएको कुरा हो। त्यस्ता व्यक्तित्वहरुको वारेमा सार्वजनिक रुपमा चर्चापरिचर्चा भएको, राजनैतिक दल, सरकार एवं सिफारिस समितिलाई त्यस्ता व्यक्तिहरुसंग आयोगमा बसेर काम गर्ने वातावरण बनाउनका लागि पीडित समुदायले पटकपटक ध्यानाकर्षण गराउदा समेत त्यस प्रति बेवास्ता गर्दै विगतमा जस्तै नियन्त्रित र कमजोर आयोग बनाउने नियतले खासगरी अध्यक्ष पदका लागि नामहरु प्रकाशित गरिएको प्रति हाम्रो गम्भिर ध्यानकर्षण भएको छ।

कुनै पनि व्यक्तिको व्यक्तिगत मर्यादा एवं सम्बन्धित क्षेत्रमा दक्षताप्रति हाम्रो सम्मान छ तर यो गहन राष्ट्रिय कार्यभारलाई सम्बोधन गर्नका लागि उत्तम व्यक्तिहरुलाई पन्छाएर आयोगमा विवादास्पद छवीकालाई पदस्थापन गर्ने कार्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वसनीयताको संकट सृजना हुनेतर्फ सजग हुनु पर्ने अबस्था आएको छ। लामो पहलकदमी पश्चात संक्रमणकालीन न्यायलाई टुंगो लगाउनका लागि जुरेको महत्वपूर्ण अवसर खेर जाने खतरा बढेर गएकोहामीले अनुभूति गरेका छौं। यस स्थितिमा संक्रमणकलीन न्यायको सवाल गिजोलिदै र जटिल हुदै जान सक्नेतर्फ सम्बन्धित सबै सजग हुन जरुरी देखिएको छ।

त्यसैले बाटो बिराउन लागेको अहिलेको सिफारिस प्रक्रियालाई तत्काल सच्याउन, छोटो सुचिमा नपारिएका बहसमा रहेका व्यक्तिहरुसंग परामर्श गरी नाम समावेश गर्न र छनौट प्रकृयलाई प्रतिस्पर्धि बनाउन सिफारिस समिति समक्ष जोडदार माग गर्दछौ। साथै हजारौं लाखौं पीडितको पीडा माथी नांगो नाच ननाच्न, छनौट प्रकृयालाई लज्जास्पद रुपमा हस्तक्षेप गर्ने कार्यको तत्काल अन्त्य गर्न, छनौट प्रकृयाको स्वतन्त्रता,

निष्पक्षतालाई सम्मान गर्न शिर्ष राजनीति नेतृत्व र जिम्मेवार दलहरुलाई आव्हान गर्दछौं । यति गहन राष्ट्रिय र अन्तरष्ट्रिय सरोकारको विषयमा रमिते नबन्न र यसको निष्पक्षता र विश्वस्नियताका लागि पहल गर्न सम्पूर्ण साना ठुला दलहरुलाई हार्दिक आव्हान गर्दछौं । साथै पीडित समुदाय र नागरिक समाजको आवाज प्रतिनिधित्व गर्ने आफ्नो आधारभूत दायित्व बोकेको राष्ट्रिय मानब अधिकार आयोग लाई प्रतिनिधित्व गर्ने आयोगका सदस्यले नियन्त्रण र सन्तुलनको भूमिका खेल्न र दलिय भागवण्डायूक्र प्रक्रियाको साक्षी नबस्न समेत अनुरोध गर्दछौं ।

**अपील गर्ने द्वन्द्व पीडित संघसंस्थाहरु**

१. द्वन्द्व पीडित साझा चौतारी महासचिव उदय शाह
२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल ,अध्यक्ष, सृजना श्रेष्ठ
३. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री
४. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष गोपाल बहादुर शाह
५. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष निरञ्जन कुमार चौधरी
६. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष कल्याण बुढाथोकी
७. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह
८. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ अध्यक्ष चन्द्र बहादुर चौधरी
९. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष बब्लु लामा
१०. नेपाल माओवादी पीडित संघ, अध्यक्ष धर्मराज न्यौपाने
११. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव मोहन परियार
१२. द्वन्द्वपीडित अपांग संघ, दोलखा, अध्यक्ष कृष्ण बहादुर घिसिङ
१३. बाँदरमुढे घटनापीडित सरोकार समिति, उपाध्यक्ष कृष्ण अधिकारी
१४. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष भीम बहादुर राउत
१५. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाहा
१६. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष डिल्लीप्रसाद रिजाल
१७. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष केपी अधिकारी
१८. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी अध्यक्ष भिम बहादुर रिजाल
१९. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल
२०. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी, अध्यक्ष देवी कुमारी केसी
२१. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, धनगढी
२२. द्वन्द्वपीडित शिक्षक समाज अध्यक्ष हिरा तिवारी
२३. द्वन्द्वपीडित राष्ट्रिय समाज सचिव, ज्ञानेन्द्र आरण
२४. द्वन्द पिडित समाज कोशी प्रदेश, अध्यक्ष, रुपेश शाह
२५. सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारी संस्थापक, अध्यक्ष
२६. गीता रसाइली, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल , उपाध्यक्ष
२७. शुसीला चौधरी, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, महासचिव
२८. साबित्रि खड्का, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल सचिव